# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४९ सालको ऐन नं ११

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## मन्त्रीहरूको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : मन्त्रीहरूको पारिश्रमिक र सुविधाका सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९८५

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाईसौं वर्षमा संसदले यो ऐन बनाएकोछ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "मन्त्रीहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०४९" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "मन्त्री" भन्नाले प्रधानमन्त्री, उप-प्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायकमन्त्री समेत सम्झनु पर्छ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

## परिच्छेद - २
## पारिश्रमिक र अन्य सुविधा

३. पारिश्रमिक : (१) देहायका मन्त्रीहरूलाई देहाय बमोजिम पारिश्रमिक दिइनेछ:-

(क) प्रधानमन्त्री- मासिक रू. ९,०००।-

(ख) उप-प्रधानमन्त्री- मासिक रू. ७,५००।-

(ग) मन्त्री- मासिक रू. ७,०००।-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५०

(घ) राज्यमन्त्री- मासिक रू. ६,७००।-

(ङ) सहायक मन्त्री- मासिक रू. ५,८००।-

(२) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी मन्त्रीहरूको मासिक पारिश्रमिकमा परिवर्तन गर्न सक्नेछ।

(३) कुनै मन्त्रीको मन्त्री पदमा बहाल रहेकै अवस्थामा मृत्यु भई वा निजले दिएको राजीनामा स्वीकृत भई वा मन्त्रिपरिषद् विघटन भई वा अन्य कुनै तवरबाट निज मन्त्री पदमा कायम नरहेमा निजलाई मन्त्री पद कायम रहेको दिनसम्म पाउने पारिश्रमिकको अतिरिक्त एक महीनाको थप पारिश्रमिक दिइनेछ।

(४) मन्त्रीले उपदफा (३) बमोजिम पाउने पारिश्रमिक वा थप पारिश्रमिक अवस्था अनुसार निजलाई वा निजले इच्छ्याएको व्यक्तिलाई दिइनेछ। मन्त्रीको मृत्यु भएमा निजले कसैलाई इच्छ्याएको रहेनछ वा इच्छ्याएको व्यक्ति जीवित रहेनछ भने त्यस्तो पारिश्रमिकको रकम निजको नजिकको हकवालालाई दिइनेछ।

४. <u>आवास सुविधा</u> : (१) मन्त्रीहरूलाई आवासको निमित्त श्री ५ को सरकारबाट सरकारी घरको बन्दोबस्त हुनेछ। त्यस्तो घरको बन्दोबस्त नभएकोमा वा काठमाडौं उपत्यकामा आफ्नो उपयुक्त घर नभएका मन्त्रीहरूलाई घरभाडा बापत प्रतिमास तिर्नु पर्ने रकम श्री ५ को सरकारले तोकिदिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम बन्दोबस्त भएको सरकारी घर कम्पाउण्डको मर्मत र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

159

सरसफाई खर्च बापत प्रत्येक वर्ष मन्त्रीहरूलाई निजहरूको मासिक पारिश्रमिकको आधा रकम दिइनेछ। यो सुविधा भाडाको घरमा बसे पनि दिइनेछ।

(३) काठमाडौं उपत्यकामा स्थायी बासस्थान भई उपयुक्त घर भएका मन्त्रीलाई निजको घर कम्पाउण्डको मर्मत र सरसफाई खर्च बापत प्रत्येक महीना एकहजार पाँचसय रुपैयाँ दिइनेछ।

(४) यस दफा बमोजिमको सुविधा मन्त्रीहरूले आफ्नो कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म पाउनेछन्।

५. <u>बिजुली, धारा र टेलिफोन सुविधा</u> : प्रधानमन्त्रीको आवासमा जडान भएका बिजुली धारा र टेलिफोन तथा अन्य मन्त्रीहरूको आवासमा जडान भएका एक इकाईको बिजुली, धारा र नेपाल अधिराज्यभित्र गरिने टेलिफोनको महसूल (जरिवाना बाहेक) श्री ५ को सरकारले व्यहोर्ने छ।

तर प्रधानमन्त्री, परराष्ट्र, गृह र अर्थ सम्बन्धी मन्त्रीलाई भने श्री ५ को सरकारले तोके बमोजिम सरकारी काममा विदेशमा गरेको टेलिफोन महसूल समेत दिन सकिनेछ।

६. <u>सवारी तथा इन्धन सुविधा</u> : (१) देहायका मन्त्रीहरूलाई देहाय बमोजिम सवारी तथा इन्धन सुविधा दिइनेछ :-

(क) <u>प्रधानमन्त्री</u> :

(१) सवारीको निमित्त मोटर दुई।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

152

(२) मासिक तीनसय चालिस लीटर पेट्रोल।
(३) त्रैमासिक दश लीटर मोबिल।

(ख) उप-प्रधानमन्त्री :

(१) सवारीको निमित्त मोटर एक।
(२) मासिक दुईसय पैसठ्ठी लीटर पेट्रोल।
(३) त्रैमासिक पाँच लीटर मोबिल।

(ग) मन्त्री :

(१) सवारीको निमित्त मोटर एक।
(२) मासिक दुईसय तीस लीटर पेट्रोल।
(३) त्रैमासिक पाँच लीटर मोबिल।

(घ) राज्यमन्त्री र सहायक मन्त्री :

(१) सवारीको निमित्त मोटर एक।
(२) मासिक दुईसय लीटर पेट्रोल।
(३) त्रैमासिक पाँच लीटर मोबिल।

(२) मोटरको मर्मत र मोटरलाई चाहिने ग्रीजको बन्दोबस्त केन्द्रीय सेवा विभागबाट हुनेछ।

(३) पेट्रोल र मोबिलको बिल भौचर बुझाउनु पर्ने छैन।

(४) यस दफा बमोजिमको सुविधा मन्त्रीहरूले आफ्नो कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म पाउनेछन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 152

## परिच्छेद - ३
## दैनिक तथा भ्रमण भत्ता

७. दैनिक तथा भ्रमण भत्ता : (१) मन्त्रीहरूलाई सरकारी कामको सिलसिलामा नेपाल अधिराज्यभित्र भ्रमण गर्दा देहाय बमोजिम दैनिक तथा भ्रमण भत्ता दिइनेछ :-

(क) दैनिक भत्ता :

| | |
|---|---|
| (१) प्रधानमन्त्री- | रू. २१०।- |
| (२) उप-प्रधानमन्त्री- | रू. १९५।- |
| (३) मन्त्री- | रू. १९०।- |
| (४) राज्यमन्त्री- | रू. १८०।- |
| (५) सहायक मन्त्री- | रू. १४५।- |

(ख) भ्रमण भत्ता :

(१) पैदल भ्रमण गर्दा,-

(क) प्रधानमन्त्रीलाई प्रतिकोस पच्चीस रूपैंया।

(ख) उप-प्रधानमन्त्रीलाई प्रतिकोस बीस रूपैंया।

(ग) मन्त्रीलाई प्रतिकोस पन्ध्र रूपैंया।

(घ) राज्यमन्त्री र सहायक मन्त्रीलाई प्रतिकोस दश रूपैंया।

(२) मोटरबाट भ्रमण गर्दा बिल भर्पाई बमोजिमको एउटा सवारी साधनको लागि लागेको इन्धन खर्च।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) रेलबाट भ्रमण गर्दा प्रधानमन्त्रीलाई दुईजनालाई लाग्ने एयर कण्डिशन भएको ठाउँमा एयर कण्डिशनको र सो नभएको ठाउँमा पहिलो दर्जाको टिकट खर्च र वर्थ रिजर्भ गरेमा सो रिजर्भ गरेको खर्च समेत र अन्य मन्त्रीलाई एकजनालाई लाग्ने एयर कण्डिशन भएको ठाउँमा एयर कण्डिशनको र सो नभएको ठाउँमा पहिलो दर्जाको टिकट खर्च र वर्थ रिजर्भ गरेमा सो रिजर्भ गरेको खर्च समेत।

(४) हवाईजहाजबाट भ्रमण गर्दा प्रधानमन्त्री-लाई दुईजनालाई लाग्ने टिकट खर्च र अन्य मन्त्रीलाई एकजनालाई लाग्ने टिकट खर्च।

(५) अन्य सवारी साधनबाट भ्रमण गर्दा लाग्ने टिकट खर्च र ज्याला।

(६) मन्त्रीले अति आवश्यक सम्झेमा निजी सचिवालयका कर्मचारीलाई भ्रमणमा साथै लान सक्नेछन्। यसरी भ्रमणमा जाने कर्मचारीलाई श्री ५ को सरकारको नियमानुसार दैनिक तथा भ्रमण भत्ता दिइनेछ। मन्त्रीको साथमा भ्रमणमा जाने कर्मचारीको संख्या श्री ५ को सरकारले तोक्न सक्नेछ।

(२) मन्त्रीहरूलाई सरकारी काममा वा श्री ५ को सरकारको तर्फबाट विभिन्न समारोह, उत्सव, सम्मेलन आदिमा भाग लिन नेपाल अधिराज्यबाहिर भ्रमण गर्दा देहाय बमोजिम दैनिक तथा भ्रमण भत्ता दिइनेछ :-



१९५
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(क) <u>दैनिक भत्ता</u> :

(१) जापान, दक्षिण कोरिया, फिलिपिन्स बाहेक अन्य सबै एशियाली मुलुकहरूमा भ्रमण गर्दा प्रधानमन्त्रीले प्रतिदिन एकसय पच्चीस अमेरिकी डलर र अरू मन्त्रीहरूले प्रतिदिन एकसय अमेरिकी डलर भत्ता पाउनेछन्।

तर भारतको हकमा परिवर्त्य विदेशी मुद्रा बराबर भारतीय मुद्रा उपलब्ध गराइनेछ।

(२) जापान, दक्षिण कोरिया, फिलिपिन्स लगायत अरू सबै मुलुकहरूमा भ्रमण गर्दा प्रतिदिन प्रधानमन्त्रीले एकसय पचास अमेरिकी डलर र अरू मन्त्रीहरूले प्रतिदिन एकसय पच्चीस अमेरिकी डलर भत्ता पाउनेछन्।

(ख) <u>भ्रमण भत्ता</u> :

(१) मोटरबाट भ्रमण गर्दा बिल बमोजिमको मोटर भाडा।

(२) रेलबाट भ्रमण गर्दा प्रधानमन्त्रीलाई दुईजनालाई लाग्ने एयर कण्डिशन भएको ठाउँमा एयर कण्डिशनको र सो नभएको ठाउँमा पहिलो दर्जाको टिकट खर्च र अन्य मन्त्रीलाई एकजनालाई लाग्ने एयर कण्डिशनको र सो नभएको ठाउँमा पहिलो दर्जाको टिकट खर्च।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५६

(३) हवाईजहाजबाट भ्रमण गर्दा नियमित सेवा (सेड्युल्ड फ्लाईट) मा प्रधान-मन्त्रीलाई दुईजनालाई लाग्ने पहिलो दर्जाको टिकट खर्च र उप-प्रधानमन्त्री-लाई एकजनालाई लाग्ने पहिलो दर्जाको टिकट खर्च र अन्य मन्त्रीलाई एकजनालाई लाग्ने बिजिनेस क्लासको टिकट खर्च।

(४) जलमार्गबाट भ्रमण गर्दा एकजनालाई लाग्ने बिल बमोजिमको खर्च।

(५) मन्त्रीहरूले नेपाल अधिराज्यबाहिर औपचारिक रूपमा विदेशी राष्ट्रहरूको अतिथिको रूपमा भ्रमणमा जाँदा त्यस्ता राष्ट्रमा रहुञ्जेलसम्म उपदफा (२) को खण्ड (क) बमोजिम पाउने दैनिक भत्ताको आधाका दरले मात्र दैनिक भत्ता पाउनेछन्।

८. भ्रमण सम्बन्धी अन्य व्यवस्था : (१) मन्त्रीहरूले भ्रमणबाट फर्केको दिनको आधा दैनिक भत्ता पाउनेछन्। यस्तो भत्ता निजहरूले फर्केको अघिल्लो दिन बसेको स्थानको लागि पाउने न्यूनतम दैनिक भत्ताको आधा हुनेछ।

(२) भ्रमण भत्ताको भुक्तानीको निमित्त मन्त्रीहरूले भ्रमणबाट फर्केको मितिले पैंतीस दिनभित्र भ्रमण बिल भरी कोष प्रमाण, लगबुक, बिल, भर्पाई आदि आवश्यक प्रमाणहरू उपलब्ध गराउनु पर्नेछ।

९. लुगा भत्ता : (१) मन्त्रीहरूले सरकारी काममा वा श्री ५ को सरकारको तर्फबाट विभिन्न समारोह,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 1518

उत्सव, सम्मेलन आदिमा भाग लिन नेपाल अधिराज्यबाहिर जाँदा तीन वर्षमा एक पटक देहाय बमोजिमका दरले लुगा भत्ता बापत पाउनेछन्:-

(क) प्रधानमन्त्री- रू. ६,२००।-
(ख) उप-प्रधानमन्त्री- रू. ५,७००।-
(ग) मन्त्री- रू. ५,६७०।-
(घ) राज्यमन्त्री- रू. ५,३२०।-
(ङ) सहायक मन्त्री- रू. ४,३२०।-

(२) उपदफा (१) बमोजिम नेपाल अधिराज्यबाहिर जाँदा मन्त्रीले आफ्नो श्रीमती समेत साथमा लैजाने स्वीकृति पाएमा श्रीमतीको लागि आफ्नो एक महीनाको पारिश्रमिकको आधा रकम तीन वर्षमा एक पटक लुगा भत्ता बापत पाउनेछ।

१०. <u>नेता भत्ता</u> : मन्त्रीहरूले नेताको रूपमा विदेश जाँदा आफूले पाउने दैनिक भत्ताको पचास प्रतिशत थप नेता भत्ता बापत पाउनेछन्।

११. <u>बीमा सुविधा</u> : मन्त्रीहरूलाई भ्रमण गर्दा तीनलाख रूपैयाको यात्रा बीमा गर्न लाग्ने रकम र हवाई उडान कर बापत लाग्ने रकम दिइनेछ।

१२. <u>उपचारको सुविधा</u> : (१) मन्त्रीहरूलाई सामुहिक रूपमा श्री ५ को सरकारले तोकेको एकजना चिकित्सकको सेवा उपलब्ध गराइनेछ।

(२) अस्पतालमा भर्ना भई औषधी उपचार गर्नु पर्ने भनी उपदफा (१) बमोजिम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 95C

तोकिएको चिकित्सकले सिफारिश गरेको मन्त्रीले अस्पतालमा भर्ना भई औषधी उपचार गराएमा त्यसरी उपचार गराउँदा लागेको प्रेस्क्रिप्शन तथा बिल बमोजिमको सम्पूर्ण खर्च श्री ५ को सरकारले व्यहोर्नेछ।

(३) मन्त्रीहरूले विदेशमा गएर उपचार गराउन परेमा श्री ५ को सरकारले तोकेको उपचार खर्च पाउनेछन्।

## परिच्छेद - ४
## विविध

१३. निजी सचिवालयको व्यवस्थाः (१) मन्त्रीहरूलाई आफ्नो कार्यकालभरको लागि निजी सचिवालयको निमित्त आवश्यक पर्ने फर्निचर, कार्यालय सामान तथा कर्मचारीको व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएका फर्निचर तथा स्थायी जिन्सी सामानहरू मन्त्रीहरूले आफ्नो कार्यकाल समाप्त भएपछि फिर्ता बुझाउनु पर्नेछ।

१४. मसलन्द तथा अतिथि सत्कार खर्च : मन्त्रीहरूको निजी सचिवालयको निमित्त चाहिने मसलन्द तथा अतिथि सत्कार खर्चको रकम तोकिए बमोजिम हुनेछ। यसरी गरिने मसलन्द तथा अतिथि सत्कार खर्चको रकमको बील भर्पाई बुझाउनु पर्ने छैन।

१५. अङ्गरक्षक र गार्डको सुविधा : मन्त्रीहरूलाई आवश्यक पर्ने अङ्गरक्षक र गार्डको सुविधा तोकिए बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. सुविधाको प्रारम्भ : (१) यस ऐन बमोजिम पाउने सुविधाहरू मन्त्रीहरूले मन्त्री पदको शपथ ग्रहण गरेको मितिदेखि पाउनेछन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्री पदको शपथ ग्रहणको निमित्त काठमाडौं उपत्यका बाहिरबाट काठमाडौंसम्म आउँदा लाग्ने दैनिक तथा भ्रमण भत्ताको रकम समेत मन्त्रीहरूले लिन सक्नेछन्।

१७. खारेजी र बचाउ : (१) मन्त्रीहरूको पारिश्रमिक र सुविधा सम्बन्धी नियमावली, २०४० खारेज गरिएकोछ।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा अघि मन्त्रीहरूले प्राप्त गरेका यस ऐन बमोजिमका सुविधाहरू समेत मन्त्रीहरूले यसै ऐन बमोजिम प्राप्त गरेको मानिनेछ।

लालमोहर सदर मितिः– २०५०।२।३२।२

आज्ञाले,
वेदव्यास क्षेत्री
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

200